जि.प्र.का. सप्तरी द.नं. ३९/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २७१ २०८१ साल जेठ २२ गते मंगलबार (4 June 2024 Tuesday) मूल्य रु. ५/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : हुलाकी सडक अङ्कुराउँदै छन्३ पृष्ठमा : जेठ अन्तिमदेखि मनसुन भित्रिद ... ३ पृष्ठमनिर्वाचनमा ६४ करोड २० लाख...

# बिटौरी जग्गा पीडितहरुले आन्दोलन गर्ने



फायल फोटो

**दैनिक समाचारदाता**
**राजविराज, २१ जेठ ।**

राजविराज नगरपालिकाको मुख्य बजारमा बर्षौंदेखी बसोबास गर्दै आएका हजारौ परिवारले हालसम्म लालपूर्जा आफ्नो नाममा नपाएपछि समस्यामा परेको भन्दै अब आन्दोलनको विकल्प नरहेको बताएका छन् । उनीहरुको घर नक्शा पास समेत रोकिदा झनै पीडामा छन् ।

बि.स. २०१६ साल मै नगरपालिका घोषणा भएर नगरको मुख्य सडक मेनरोड तथा भित्री सडकको दायाँ-बाँया रहको हजारौं परिवार वर्षौंदेखि लालपूर्जा नपाएको र नगरपालिकाबाट नक्शा पास तथा मालपोत कार्यालयबाट रोक्का प्रक्रिया लामो समय देखी रोकिएपछि मर्कामा परेका हुन् ।

नागरिक अगुवा मो. कौसर अलीले नगरपालिकाका कार्यवाहक मेयर इसरत परवीनले यस अघि पनि बिटौरी जग्गा बाहक पीडितहरु संग गरेको बाचा पुरा नगरको भन्दै अब फेरी आन्दोलन थाल्ने तयारी भईरहेको बताए ।

उनले सोमवार पीडितहरुको बसेको बैठकले आगामी साता नगरभरी म्याकिङ्ग/प्रचार प्रसार गरी बिटौरी जग्गा बाहक पीडीतहरुको बृहत बैठक बोलाउने निर्णय भएको बताए । सोही बैठकबाट जुलुश, सभा, र्‍याली, प्रर्दशन, रिले अनशन लगायतका चरणबद्ध आन्दोलनका कार्यक्रम घोषणा हुनेछ, उनले भने - "अब माँग पुरा नभएसम्म आन्दोलन सशक्त रुपमा अगाडी बढ्छ ।"

जग्गाबापत नगरपालिकाबाट पाएको बिटौरी रसिदका आधारमा बसोवास र विगतमा समस्या परेका वेला सोही बिटौरी रसिदका आधारमा उल्लेखित जग्गा बैंक तथा वित्तिय संस्थामा धितो राखी ऋण कर्जा लिने गरेका उनीहरुले सो सेवा सुविधाबाट बञ्चित छन् ।

विगत ८ वर्ष देखि श्रेस्ता र कम्प्युटरमा कुनै रेकर्ड नभएको भन्दै भुमिसुधार तथा मालपोत कार्यालयले बास्रोक्का गर्न नमानेपछि मुख्य बजारका वासिन्दा बैंक तथा वित्तिय संस्थाबाट पाउनु पर्ने सेवा सुविधाबाट बञ्चित भएका हुन । पहिले पहिले बिटौरी रसिद कै आधारमा बैंकमा जग्गा धितो राखी कारोबार गर्दै आएको थिए, राजविराज-४ का रेडिमेड पसल संचालक मो.अख्तरले भने-"अहिले मालपोत कार्यालयले रोक्का गर्न नमानेपछि बैंकले पनि ऋण दिन मान्दैन ।"

बिटौरी जग्गाको वर्षौ देखि कर लिने गरेको राजविराज नगरपालिका कार्यालयले लालपूर्जा र नक्शापास उपलब्ध नगराउँदा बैंकले त्यस्तो जग्गा स्वीकार नगर्ने गरेकाले ब्यापार व्यवसाय पनि चौपट बन्दै गएको अर्का व्यवसायी सन्दिप दासले बताए ।

बिटौरी जग्गाको लालपूर्जा नपाएको तथा नक्शापास समेत रोकिदा नगरका करिब ५ हजार परिवार समस्यामा परेको उनको भनाई छ ।

बिटौरी जग्गा समस्या समाधानका लागी आफ्नै अगुवाईमा पटक/पटक सम्बन्धित निकायमा ध्यानाकर्षण पत्र बुझाउदै आन्दोलनका विभिन्न कार्यक्रम गर्दै आएपनि सम्बन्धित निकायबाट आश्वासन बाहेक केही पाउन नसकिएको उनले बताए ।

सप्तरी सदरमुकाम राजविराजको मुख्य बजार मेनरोड आसपासको ६८ विघा जग्गा पछिल्लो ८ वर्ष देखि बिक्रि-वितरण गर्न र बैंकमा राख्न सरकारले रोक लगाएको निर्माण व्यवसायी संघ सप्तरीका पूर्व अध्यक्ष समेत रहेका राजविराज ४ निवासी राम अशिष स्वर्णकार बताउँछन । बिटौरी जग्गाको अहिले न कित्ताकाट हुन्छ, न खरिद बिक्रि नै, उनले भने- "जसकारण नगरका ५ हजार भन्दा बढी परिवार ८ वर्ष देखि समस्या भोग्दै आएका छन् ।"

बिटौरी जग्गा हरेक वर्ष निर्वाचनका वेला चुनावी मुद्दा बन्ने गरेको छ । पछिल्लो पटकको निर्वाचनमा राजविराज नगरपालिकाको नेतृत्व सम्हाल्न पुगेका दल र तीनका उम्मेदवारको घोषणा पत्रको ३ नम्बर बुंन्दा मै बिटौरी जग्गा समस्याको समाधान ३ महिना भित्रै गरिने प्रतिबद्धता ब्यक्त गरिएको थियो । तर चुनाव जितेको ३ वर्ष हुन लाग्दा समेत सो प्रतिबद्धता पुरा नगरिएको राजविराज ३ का दिपेन्द्र दासको कथन छ ।

नगरपालिकाको हालको वडा ३, ४, ५, ६, ७, ८ र ९ का ५ हजार भन्दा बढी परिवार बिटौरी जग्गा सम्बन्धि समस्यामा छन् । राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीनले सरकारको नीतिका कारण समस्या भएको भन्दै उक्त समस्या समाधानका लागी नगरसभाबाट समेत प्रस्ताव पारित गरी आवश्यक पहल थालिएको बताएकी छिन् ।

# दश मिनेटको हावाहुरीले लाखौंको क्षती






**दैनिक समाचारदाता**
**राजविराज, २१ जेठ ।**

सोमवार दिउँसो हल्का वर्षा संगै अचानक दश मिनेटसम्म चलेको हावाहुरीले जिल्लाका विभिन्न स्थानका घर, विद्यालय, मन्दिर, कार्यालय प्रतियोगितास्थल लगायत स्थानमा लाखौंको क्षती भएको छ ।

कतिपय ठाउँमा रुख र विद्युतीय पोल ढल्दा सडक आवागमन र विद्युत आपुर्ती सेवा पनि अवरुद्ध भएको छ । राजविराजको हनुमान मन्दिर, बाबा भुतनाथ मन्दिर, नेपाल टेलिकमको शाखा कार्यालय, कतिपय विद्यालय र घरको छाना उडाएको छ ।

हावाहुरीका कारण नगरको मुख्य बजार मेनरोडमा २ वटा रुख ढलेर आवागमन प्रभावित भएको छ । यस्तै राजविराज-हनुमाननगरको देउरी सडक खण्डमा २ वटा विद्युतीय पोल र आधा दर्जन जती रुख सडकमा ढलेर सो मार्गमा आवागमन प्रभावित हुनुका साथै नगरमा विद्युत आपुर्ती सेवा पनि ठप्प भएको छ ।

कतिपय पालिकामा सोलार प्यानल उडाएको छ । यता हावाहुरीले स्थानीय पब्लिक विन्देश्वरी माध्यमिक विद्यालय खेल मैदानमा संचालित सप्तरी प्रिमियर लिग टि-ट्वान्टी क्रिकेट प्रतियोगिता स्थलमा पनि ठुलै क्षती पुगेको छ ।

प्रतियोगिता आयोजक क्रिकेट संघ सप्तरीका अध्यक्ष आयुष श्रेष्ठका अनुसार हावाहुरीले २५ लाख भन्दा बढीको क्षती भएको छ । उनले खेलको प्रत्यक्ष प्रसारणका लागी लगाइएको ३ वटा क्यामरा, बहुमुल्य उपकरण, साउण्ड सिस्टम, टेन्ट पण्डाल, कुर्सी,

*बाँकी अन्तिम पृष्ठमा*

## सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

# हुलाकी सडक: अङ्कुराउँदै छन् समृद्धिका सपना

**धर्मेन्द्र झा र टिकाराम सुनार**
काठमाडौँ, २१ जेठ (रासस)।

आमरूपमा हुलाकी भनेपछि झट्ट याद आउँछ-सन्देशबाहक। तराई-मधेसमा भने त्योसँगै जोडिन्छ, हुलाकी सडक (राजमार्ग)। हुलाकीलाई सहज होला भनेर रेखाङ्कन गरिए पनि तत्कालीन समयमा यहाँका सीमावर्ती बस्तीलाई जोड्न योगदान गरेकाले पनि यहाँका नागरिक यी दुवैलाई छुट्टयाउन रुचाउँदैनन्। यिनको कहानी पनि मिल्दोजुल्दो छ। जसरी सूचना प्रविधिको विकाससँगै हुलाक वा हुलाकी छायामा परे, त्यसैगरी पूर्व-पश्चिम महेन्द्र राजमार्ग बनेपछि हुलाकी सडक। सूचना प्रविधिले त नागरिकलाई विकल्प दियो तर लामो समयसम्म हुलाकी सडकको विकल्प बनेन्। त्यसैकारण तराई-मधेसका ऐतिहासिक बस्ती ओझेलमा परे। विकासको लय बिथोलियो।

यस्तै भन्दै हुनुहुन्थ्यो, सप्तरीको बोदेबरसाइन नगरपालिका–५ का ९१ वर्षीय श्यामनन्दनप्रसाद राजपुत। नेपालको सबैभन्दा पुरानो भनिएको सडक विस्तारको सट्टा त्यसलाई मेटाउन खोजिँदा यहाँको विकास प्रक्रिया अवरुद्धजस्तै भएको उहाँको बुझाइ छ। "बाक्लो बस्ती, उर्वरभूमि, छिमेकी भारतसँग सीमा जोडिएकाले यस क्षेत्रको आर्थिक तथा सामाजिक महत्व निकै थियो। त्यसैले राज्यले पूर्वाधारमा लगानी गर्ला भन्ने लाग्थ्यो, उल्टै भएको सडकलाई बेवास्ता गरियो। त्यहीबेलादेखि यहाँको लय बिथोलियो, गरिबीको खाडल बढ्यो", राजपुतले भन्नुभयो। झापाको मेची पुलदेखि कञ्चनपुरको दैजीसम्म फैलिएको सडकमध्ये मधेस प्रदेशको मात्र कुरा गर्दा सप्तरीदेखि पर्सासम्मका राजविराज, सिरहा, जनकपुरधाम, जलेश्वर, मलङ्गवा, गौर र वीरगञ्ज जस्ता पुराना बजारलगायत ग्रामीण बस्ती भरपर्दो सडक पूर्वाधारका अभावमा छायामा परे।

सिरहाको अर्नमा गाउँपालिका–५ का मिश्रिलाल यादव उमेरले ७५ वर्ष पुग्नुभयो। उहाँ राज्यको प्राथमिकतामा नपरेकै कारण मानवबस्ती बाहुल्य यहाँको विकास हुन नसकेको भन्दै राज्यसँग मन कुँडिएको बताउनुहुन्छ। "म सानो हुँदा यही गोरेटो बाटोमा हिँड्थ्यौँ, अलि फराकिलो भएपछि गोरुगाढा चलाएर प्रतिकिलोग्राम रु २५ पैसामा धान बिक्री गरेर भए पनि जीविको चलाइरहेका थियौँ। सडक पक्की होला भन्ने आशामा बेसेका बेला अलपत्र छाडेर दुःख थपिदिए। यसको दोष राज्यलाई नदिएर कसलाई दिनु", यादव भन्नुहुन्छ।

तराई-मधेसमा यस्तै गुनासा छन्। गणतन्त्र स्थापनापछि सडक बन्छ भनेको सुन्दा पनि धेरैले पत्याएकै थिएनन्। ढिलै भए पनि सडकले राजमार्गको रुप ग्रहण गरेको देख्दा अहिले यो पुस्ता दङ्ग छ। "लामो समयसम्म राज्यको दृष्टि नपरेको सडकले गणतन्त्र आएपछि नयाँ जीवन पाएको छ। सडक कालोपत्र भएपछि त यहाँका बस्ती पनि चाँदजस्तै हसिला भएका छन्", राजपुत भन्नुहुन्छ।

सिरहाको औरही गाउँपालिकाका पूर्वअध्यक्ष ७८ वर्षीय बेचन यादव लामो समयसम्म गिजोलिएको यहाँको विकास प्रक्रिया हुलाकी सडक निर्माणसँगै पुनः लयमा फर्किने आशा व्यक्त गर्नुहुन्छ। "लामो समयसम्म सास्ती भोग्यौँ तर त्यो पीडा कसैले बुझेनन्। जनताका पीडा र आवाज सुनेका त गणतन्त्र आएपछि न हो। हेर्दाहेर्दै सडक बन्यो, आवतजावतमा सहज भइरहेको छ", उहाँले खुसी व्यक्त गर्नुभयो।

महोत्तरीको एकडारा गाउँपालिका–३, का सामाजिक अभियन्ता विजय कर्ण मधेसको जीवनरेखाका रूपमा हेरिएको हुलाकी सडक गणतन्त्रको उपलब्धि र पहिचानसँग जोडिएको बताउनुहुन्छ। "राज्य सञ्चालकले नचाहँदासम्म केही नहुने रहेछ। हामीले वर्षौंदेखि उठाइरहेको माग सुनुवाइ हुन गणतन्त्र आउनुपर्‍यो", उहाँ भन्नुहुन्छ,"सबै ठाउँमा गुणस्तरीय र द्रुतगतिमा काम हुन नसके पनि जति बनेको छ, त्यसले मधेसलाई जोड्दै छ। अब बाँकी काम चाँडै टुङ्ग्याउनुपर्छ।"पचहत्तर वर्षीय रामप्रित साफीले सडक बनेपछि यो क्षेत्र गुल्जार बन्न थालेको बताउनुभयो। "सदरमुकामसमेत रहेका यहाँका बस्ती उबेला निकै चलायमान थिए।

भारतसँग नजिक भएकाले पनि नेपालको पहिचान र सामर्थ्यको पहिचान हुनेगरी विकास गर्नुपर्थ्यो तर त्यसो गरिएन। उहाँले विगत सम्झिँदै भन्नुभयो,"जीवनको उत्तरार्द्धमा सडक बनेको देख्दा सबै दुःखकष्ट बिर्साएको छ। जति बाँचिन्छ अझै विकास भएको देख्न पाइयोस्।"

**समृद्धिका सपना**

गणतन्त्र स्थापनासँगै आर्थिक वर्ष २०६६/६७ मा निर्माण प्रारम्भ भएको हुलाकी राजमार्ग राष्ट्रिय गौरवको आयोजना हो। यसको उद्देश्य नै पूर्वमा झापाको भद्रपुर (मेची पुल)देखि पश्चिममा कञ्चनपुरको दैजीसम्मका जिल्ला सदरमुकाम र घनाबस्तीलाई जोड्न एक हजार आठ सय ५७ किलोमिटर सडक विस्तार गरी सन्तुलित विकास गर्नु हो। यसमध्ये पूर्वदेखि पश्चिमतर्फको लम्बाइ नौ सय ७५ किमी छ। सडकमा करिब तीन सय पुल छन्।

यस्तै राजमार्गबाट सदरमुकाम, पुराना सहर र बजार केन्द्र जोड्न उत्तरदेखि दक्षिणसम्म विभिन्न ३५ वटा सहायक सडक छन्। तिनको लम्बाइ आठ सय ८२ किमी रहेको छ। आयोजनाले छोएका प्रदेशमध्ये सात सय किमीभन्दा बढी सडक मधेस प्रदेशमै छ। त्यसैले सडक निर्माणपछि यहाँका ५०औं ग्रामीण बस्तीमा वर्षौंदेखि हराएको चमक फेरि फर्किन थालेको जानकार बताउँछन्। हुलाकी सडकबारे वकालत गर्दै आउनुभएका वरिष्ठ पत्रकार एवं अभियन्ता रामरिझन यादव भारतीय सिमानादेखि महेन्द्र राजमार्ग जोड्ने शाखा सडक निर्माणपछि यो क्षेत्र चलायमान हुन थालेको बताउनुहुन्छ। बजार र सडक सञ्जालबाट विमुख भए पनि प्रशासनिक, कानुनी र अन्य कामकाजका लागि यसै क्षेत्रमा रहेका सदरमुकाम पुग्नुपर्ने बाध्यता छ। त्यसैले कष्टपूर्ण यात्रा गर्ने बाध्य नागरिकलाई अहिले निकै राहत भएको बताउने यादव सडक सञ्जालपछि अब राजनीतिक शक्ति सन्तुलनका हिसाबले पनि सघाउ पुग्ने विश्वास व्यक्त गर्नुहुन्छ।

मधेस प्रदेशसभा सदस्य रामअशिष यादव 'कोर' मधेसलाई छायामा पार्ने र मधेसको बहुमूल्य वन सम्पदा र चुरे क्षेत्र मासेर पारिस्थितिक प्रणाली नै बिथोल्ने मनसायका साथ बनेको पूर्व-पश्चिम राजमार्गको क्षतिपूर्ति भर्न नसके पनि नागरिकको जीवनस्तर उकास्न हुलाकी सडकको निर्माण एक फड्को हो भन्नुहुन्छ। "कोर मधेसमा गुणस्तरीय सडक पूर्वाधारको अभावले बेहोर्नुपरेको क्षतिको त कुरै नगरौँ। ढिलै भए पनि गणतन्त्रको पहिचान र जनताको सपनासँग जोडिएको हुलाकी सडकको विकास, विस्तार र स्तरोन्नतिले समृद्धिका सपना साकार पार्न ठूलो भूमिका खेल्ने छ", उहाँले भन्नुभयो,"अब बाँकी रहेका पुल, सडक खण्ड निर्माणलाई प्राथमिकतामा राखेर अगाडि बढ्नुपर्छ। यो आयोजनालाई तराई-मधेस समृद्धिको सपना मात्रै होइन गणतन्त्रपछि पूर्वाधार निर्माणमा हासिल गरेको फड्को र उपलब्धिका रूपमा देखाउन मिल्ने गरी चाँडै सम्पन्न गर्नुपर्छ।"नेपाल उद्योग वाणिज्य सङ्घ मधेस प्रदेशका अध्यक्ष अशोक टेमानी हुलाकी सडक तराई -मधेस र सिङ्गो देशको आर्थिक, सामाजिक, सांस्कृतिक तथा पर्यटनको अवस्था बदल्ने युगान्तकारी पूर्वाधार भएको बताउनुहुन्छ। उहाँ सडक निर्माणपछि आन्तरिक उत्पादनको बजारीकरण र व्यापारिक वस्तुको सहज पहुँच मात्र होइन, विश्वको उदाउँदो अर्थतन्त्र भारतसँग सम्पर्क स्थापना भई देशले नै ठूलो लाभ लिने बताउनुहुन्छ।

"नेपालको समृद्ध अर्थतन्त्रको आधार कृषि हो भन्दै आयौँ तर कृषिको आधारविन्दुका रूपमा रहेका तराई-मधेसका ग्रामीण क्षेत्रलाई उपेक्षा गर्‍यौँ", उहाँले भन्नुभयो,"अब पनि 'बोर्डर इकोनोमी'लाई महत्व दिएर सीमावर्ती भारतीय क्षेत्रमा बस्ने करोडौं नागरिकलाई लक्षित गरी योजना नबनाउने हो भने नेपालले थप आर्थिक दुरावस्था भोग्ने छ। त्यसैले समृद्धिको आधार भनेको यही हुलाकी राजमार्ग हो, यसको द्रुततर विकासमा राज्यले ध्यान दिनुपर्छ।"

राजमार्ग निर्माणले तराई क्षेत्रका विभिन्न सांस्कृतिक र प्राकृतिकस्थलमा पुग्न सजिलो भई पर्यटन प्रवर्द्धन, सामाजिक एकता र विभिन्न समुदायलाई जोड्न योगदान पुग्ने उहाँको भनाइ छ। "हुलाकी राजमार्ग हाम्रो देशको विकास, एकता र समृद्धिका लागि अत्यन्तै महत्वपूर्ण सम्पत्ति हो। यसले सामाजिक, आर्थिक र सांस्कृतिक विविधता र समृद्धिलाई प्रोत्साहित गरिरहेको छ। अधिकांश ग्रामीण बस्ती, यहाँका कृषिउपजको बजारीकरण, व्यवसायीकरण र उद्यमशीलतालगायत क्षेत्रमा पनि सकारात्मक प्रभाव परेको छ", उहाँले थप्नुभयो।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष जीतेन्द्रकुमार महासेठले सडक बनेपछि मधेसभित्र एउटा व्यापारिक विन्दुबाट अर्को विन्दुसम्मको पहुँच र लागतमासमेत सहुलियत हुने बताउनुभयो। उहाँले केही ठाउँमा बन्न बाँकी पुल र सडक विस्तारका काम भएमा मधेसमा समग्र क्षेत्रको विकासमा योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो। "अहिले जनकपुरधामलगायत मधेसका मुख्य बजार क्षेत्रमा जग्गाको मूल्य आकासिएको छ, जसकारण यहाँ लगानी आकर्षित भइरहेको छैन। हुलाकी सडक र सहायक सडकको विकास तथा विस्तारले अन्य क्षेत्रमा पनि जग्गा खरिद गरेर ठूला उद्योग स्थापना गर्ने, व्यापारिक क्रियाकलाप बढ्ने, कृषि उद्यमतिर व्यावसायिक लगानी गर्न सकिने आधार बन्दैछ", महासेठले भन्नुभयो। नेपाल चेम्बर आफ कमर्स सर्लाहीका वरिष्ठ उपाध्यक्ष सुगन्धकुमार गुप्ताले सडक निर्माणपछि ग्रामीण क्षेत्रका बजार चलायमान हुन थालेका बताउनुभयो। उहाँले भन्नुभयो, "मलङ्गवारदेखि जनकपुरधाम पुग्न पहिले सय किमी लामो बाटो तय गर्नुपर्थ्यो तर अहिले ५० किमी दूरी घटेको छ। हुलाकी सडक छेउको जग्गाको भाउमा वृद्धि हुँदैछ। सडक निर्माणपछि पसल, पेट्रोल पम्प खुलेका छन्। सामाजिक, सांस्कृतिक, आर्थिक क्रियाकलाप बढ्न थालेका छन्।" अब जनकपुरदेखि वीरगञ्ज जोड्न बागमतीमा पुल निर्माण गर्नुपर्ने र त्यसपछि थप सहज हुने उहाँको भनाइ छ।

सर्लाहीको गोडैता नगरपालिका प्रमुख देवेन्द्रकुमार यादवले हुलाकी सडक निर्माणपछि वर्षौंदेखि भोग्दै आएको हिलो र धुलोको समस्याबाट राहत र उत्पादनको बजारीकरणमा सहयोग पुगेको बताउनुभयो। "अहिले हाम्रो नगरमा उत्पादित तरकारीलगायतका कृषिउपज जनकपुर, काठमाडौँ पठाउन सहज भएको छ। यस क्षेत्रका उखु उत्पादकलाई पनि मिलसम्म सामग्री पुर्‍याउन सहज भएको छ", नगर प्रमुख यादवले भन्नुभयो, "हुलाकी सडकका चोकचोकमा पसल खुल्न थालेका छन्। जनकपुर, जलेश्वर जान सहज भएको छ।" उहाँले बागमती नदीको बरहर्वाघाट पुल बनेमा रौतहटको गौर, बाराको कलैया र वीरगञ्ज जोड्न थप सहज हुने बताउनुभयो। तराई-मधेसका झण्डै ५५ प्रतिशत खेतीयोग्य उर्वरभूमि, वन जङ्गल, ६० प्रतिशतभन्दा बढी उद्योग कलकारखाना हुलाकी राजमार्ग करिडोरमै रहेकाले यसको निर्माणले तराई-मधेसको मात्र नभइ समग्र देशकै आर्थिक उन्नति र समृद्धिमा महत्वपूर्ण योगदान दिनेछ। तराई-मधेसका २१ जिल्ला जोड्ने गरी बनिरहेको राजमार्गले करिब एक करोड जनसङ्ख्या लाभान्वित हुने बताइएको छ।

हुलाकी राजमार्ग आयोजना प्रमुख इन्जिनीयर अजयकुमार मुल्लेले हाल निर्मित सडक संरचनाले बस्ती मात्र होइन, नागरिक र राज्यबीचको सम्बन्ध सेतुको काम गरेको बताउनुहुन्छ। "जुनसुकै सडकले पनि नागरिकको जनजीवन सहज बनाउने, आर्थिक गतिविधिमा वढोत्तरी हुने र सन्तुलित विकासलाई सम्भव तुल्याउने हो तर हुलाकी राजमार्ग गणतन्त्र नेपालको पहिचानसँग जोडिएकाले यसको महत्व बहुआयामिक छ", मुल्लेले भन्नुभयो, "हुलाकी सडक तराई -मधेसका जनताको सपना हो। सडक निर्माणपछि कृषि उत्पादन, व्यापार व्यवसाय, उद्योग, कलकारखानाको विकास भएको छ।" योजना कार्यालय जनकपुरका प्रमुख इन्जिनीयर कृष्णकुमार महतोले निर्माणका क्रममा देखिएका समस्या र चुनौतीको समाधान गरी बाँकी कामलाई पूर्णता दिनसके हुलाकी सडक देश विकासको कोसेढुङ्गा हुने बताउनुभयो। उहाँ भन्नुहुन्छ, "अहिले कम्तीमा ५० प्रतिशत दूरी छोटिएपछि आवातजावत र स्थानीय कृषि उपजको बजार पहुँच, हाटबजारको बढोत्तरी, व्यापारमा सहज भएको छ। समग्रमा देशको रुपान्तरणकारी योजना हो यो।"

**पूर्वाधारमा फड्को, कार्यान्वयनमा अड्को**

पन्ध्र वर्षअघि सुरु भएको राजमार्गको हालसम्म एक हजार दुई सय ४३ किमी सडक कालोपत्र तथा एक सय ३५ पुल निर्माणसहित समग्रमा ६५ प्रतिशत भौतिक प्रगति भएको छ। यसैगरी रु ६२ अर्ब खर्चसहित समग्र वित्तीय प्रगति ६१ प्रतिशत भएको छ। चालु आर्थिक वर्षको हालसम्म ८५ प्रतिशत भौतिक र वित्तीय प्रगति ८४ प्रतिशत भएको भनिए पनि यो आवमा एक सय ३७ किमी सडक कालोपत्र गर्नुपर्नेमा ३७ किमी र २५ पुल निर्माण गर्ने लक्ष्य रहेकामा तीनवटा मात्र निर्माण सम्पन्न भएका छन्। चालु आवमै सम्पन्न गरिसक्ने भनिएको आयोजना विविध समस्याका कारण निकै प्रभावित भएको छ। अझै ३५ प्रतिशत भौतिक काम गर्न बाँकी छ भने त्यसका लागि थप रु ४० अर्ब आवश्यक पर्ने आयोजनाको अनुमान छ। अझै दुई सय ३० किमी क्षेत्रमा प्रवेश गर्न सकिएको छैन। जग्गा अधिग्रहण, राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र सडक निर्माण गर्ने कानुनी जटिलता, भारतीय सीमासँग जोडिएका कतिपय ठाउँमा 'नो म्यान्स लाइन'का नाममा भारतीय सुरक्षा बलको अवरोध, आयोजना सुरु भएको १५ वर्ष बित्दासमेत राजमार्गको 'राइट अफ वे' एकीन गरी राजपत्रमा प्रकाशन हुन सकेको छैन।

निर्माण र स्तरोन्नति, स्थानीय पालिकाहरूले समयमा ठेक्का व्यवस्थापन नगर्दा निर्माण सामग्रीको उपलब्धताजस्ता समस्या र सरकारले प्रस्तावित बजेटअनुसार रकम विनियोजन नगर्दा समग्र आयोजना नै अझै कति वर्षमा टुङ्गिने हो अनुमान गर्न गाह्रो छ। सूचना अधिकारी माधव अधिकारीले भन्नुभयो,"विभिन्न समस्याका कारण आयोजनामा सम्पूर्ण काम चालु आवमा सक्ने अवस्था भएन। त्यसकारण २०८३/८४ सम्म समय थप गर्नुपर्ने प्रस्ताव अगाडि बढाएका छौं, अहिले छलफलकै क्रममा छ।" उहाँले सरकारबाट पर्याप्त बजेट व्यवस्थापन, मापदण्ड निर्धारण, निकुञ्ज र विवादित क्षेत्रको विवाद समाधानका लागि पहल गरेमा

*बाँकी तीन पृष्ठमा*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# जेठ अन्तिमदेखि मनसुन भित्रिदै, सरदरभन्दा बढी वर्षा हुने

काठमाडौँ, २१ जेठ (रासस) ।

यस वर्षको मनसुन यही जुन १३ अर्थात जेठ ३१ गतेदेखि नेपाल प्रवेश गर्ने आँकलन गरिएको छ। यद्यपी मनसुन भित्रिने सरदर मितिभन्दा केही दिन तलमाथि पर्ने जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

मनसुन हाल भारतको उत्तर पूर्वी भू-भाग, बङ्गलादेश, भुटान हुँदै भारतको सिक्किमसम्म आइपुगेको विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। नेपालको पूर्वी भू-भागमा मनसुन आगमन हुने सरदर मिति जुन १३ आँकलन गरिएको भए पनि त्यसअघि नै भित्रिने देखिन्छ।

महाशाखाका मौसमविद् रोजन लामिछानेले नेपालमा मनसुन जुन १३ आसपास भित्रिने बताउनुभयो। हाल मुलुकका विभिन्न भू-भागमा भईरहेको वर्षा मनसुनी वायुको प्रभाव नभई स्थानीय प्रणाली, पश्चिमी वायु र उत्तर प्रदेश तथा बिहार आसपासको न्यून चापीय प्रणालीको प्रभाव भएको उहाँले जानकारी दिनुभयो। नेपालमा सामान्यतया मनसुन सरदर अवधि जेठ१९ देखि असोज १४ गतेसम्म मानिन्छ। तर मनसुन भित्रिने र बाहिरिने अवधि केही दिन तलमाथि हुने गरेको छ।

यस्तै आगामी मनसुनमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ देखि ५५ प्रतिशत रहेको विभागले जनाएको छ। सुदूरपश्चिम प्रदेशको उत्तर-पश्चिमी भू-भाग, बागमती प्रदेशको दक्षिण-पूर्वी भू-भाग, मधेस प्रदेशको मध्य भूभाग र कोशी प्रदेशको मध्य तथा मध्य-पश्चिमी भूभागमा सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छ। अधिकतम तापक्रम देशका अधिकांश स्थानहरूमा सरदरभन्दा बढी देखिएको छ।

ऋतुगत जलवायु विभिन्न सामुन्द्रिक, वायुमण्डलीय, भूमण्डलीय, हिममण्डलीय र जैविकीय प्रणालीमा निर्भर रहन्छ। मनसुनको आँकलन विश्व मौसम सङ्गठनको विश्वभर तथा क्षेत्रीयस्तरको जलवायु सूचना उत्पादन गर्ने केन्द्रहरूको हावापानी प्रारुपहरूको आँकलन र दक्षिण एसियाली जलवायु दृष्टिकोण मञ्चको आँकलनको आधारमा तयार गरिएको विभागका प्रवक्ता सुनिल पोखरेलले जानकारी दिनुभयो।

साथै यो आँकलन तयार गर्दा नेपालको मनसुन सिजनको जलवायुमा प्रभाव पार्ने पूर्वी प्रशान्त महासागरमा विकसित हुने 'एन्सो' (एल निनो एण्ड साउदर्न ओस्सिलोसन) तथा हिन्द महासागरमा विकसित हुने दुई ध्रुवीय प्रणालीको हालको अवस्थालाई विश्लेषणका आधारमा गरिएको हो। यसबाहेक जलवायु प्रारुपको मनसुन सिजनको आँकलन, युरोप तथा एसियामा गत हिउँद तथा प्रि-मनसुनको सिजनमा परेको हिउँ, अन्तर ऋतु परिवर्तनशिलताका कारकलाई मध्यनजर गरिएको छ। प्रवक्ता पोखरेलले भन्नुभयो, "हाल 'एन्सो' तटस्थ अवस्थामा रहेको छ र आगामी मनसुन सिजनमा 'ला निना' को अवस्था विकसित हुने अन्तर्राष्ट्रिय प्रारुपहरुको आँकलन रहेको छ। त्यसैगरी हिन्द महासागरमा विकसित हुने दुई ध्रुवीय सामुन्द्रिक तापक्रम सूचक हाल तटस्थ रहेको र आगामी मनसुन सिजनमा धनात्मक हुने आँकलन गरिएको छ।"

जलवायु विज्ञ डा धर्मराज उप्रेतीले यो वर्षको मनसुन शनिबारसम्म भारतको आसाम, सिक्किम र सो वरिपरिका भागमा पुगिसकेको बताउनुभयो। उहाँले भन्नुभयो, "भारतको केरलामा निर्धारित मितिभन्दा दुई दिनअघि र आसाम तथा मेघालयमा छ दिनअघि नै मनसुन पुगेको देखिन्छ। यही विषयलाई आँकलन गर्दा भारतका भू-भागसँग सिमाना जोडिएको कोशी प्रदेशमा मनसुन निर्धारित मिति भन्दा एक साताअघि नै प्रवेश गर्ने आकलन गर्न सकिन्छ।"

गत वर्ष आसाम र सिक्किममा मनसुन पुगेको तीन दिनमा कोशी, मधेस र गण्डकी प्रदेशमा पुगेको थियो। गतवर्ष आसाममा जुन १२ मा पुगेको मनसुन यो वर्ष मे ३१ मै पुगेको छ। त्यो गत वर्षभन्दा १२ दिन अगाडि हो। मनसुनी वायु थप सक्रिय हुने वातावरण बनेको हुनाले कोशी प्रदेशमा आगामी तीनदेखि पाँच दिनमै मनसुन सक्रिय हुने अनुमान गर्न सकिन्छ।

*हुलाकी सडकः ...*

प्रस्तावित समयभित्र योजना सम्पन्न गर्न निर्देशनालय सक्षम रहेको बताउनुभयो ।हुलाकी राजमार्ग निर्माणका लागि जग्गाको मुआब्जा नदिने नेपाल सरकारको अघोषित नीति नै छ तर अहिले यही विषयलाई लिएर देशभरि एक सयभन्दा बढी मुद्दा अदालतमा छन्। तीमध्ये ६० वटा मधेस र विशेषगरी आयोजना कार्यालय जनकपुरको क्षेत्रभित्र छन्।

योजना कार्यालय जनकपुरका प्रमुख महतो पनि हुलाकी सडकसँग जोडिएका कानुनी, नीतिगत र वित्तीय सवालहरू सम्बोधन गर्न नसके तोकिएको समयमा सडक निर्माणसम्पन्न हुन चुनौतिपूर्ण रहेको बताउनुहुन्छ। "जनकपुर कार्यालयको क्षेत्रमा पर्ने सिरहा, धनुषा, महोत्तरी र सर्लाहीमा मात्रै अदालतबाट १६ वटा अन्तरिम आदेश जारी भएका छन्। यसले गर्दा धनुषाको औरही र महोत्तरीको सर्पला, वनचौरीलगायतका क्षेत्रमा सडक विस्तार गर्न सकिएको छैन। व्यक्तिको जग्गामा सडक बनाइएको तर मुआब्जासमेत नदिएर जग्गा धनीले नै तिरो तिर्नुपर्ने बाध्यता छ। यसले जटिलताहरू कायमै छन्। वृहत् समभ्रुदारी बनाएर समस्या समाधान गरिनुपर्छ", उहाँले सुझाउनुभयो। निर्देशक मुलले सडक निर्माणमा हुने ढिलाइले राज्यलाई थप आर्थिक नोक्सानीका साथै कार्यक्षमतामाथि नै प्रश्न उठ्ने अवस्था आइसकेकाले अब सबै गम्भीर बन्नुपर्ने बताउनुभयो।

आयोजनामा भारत सरकारबाट प्राप्त रु आठ अर्ब लगानी छ। सो रकममा पूर्व-पश्चिम ६० किमी र उत्तर-दक्षिण दुई सय ३० सहित करिब दुई सय ९० किमी सडक निर्माण गरिएको थियो। त्यसबाहेक सबै दायित्व नेपाल सरकारले व्यहोर्दै आएको छ। तराई मधेसको 'लाइफलाइन' भनिने आयोजना गणतन्त्र नेपालको उपलब्धिको एक द्योतक पनि भएकाले उच्च प्राथमिकताका साथ बाँकी काम सम्पन्न गर्न सरकारको सम्पूर्ण पहलकदमी अपरिहार्य रहेको बताउनुहुन्छ सिरहा नगरपालिका-१९ का ९२ वर्षीय मुगालाल यादव। "सडक नबन्दा धेरै दुःख र सास्ती भोग्यौं। अहिले हुलाकी सडक बनेपछि सुविस्ता भएको छ", यादव भन्नुहुन्छ, "तर कमला पुल र बाँकी सडक अझै बनेका छैनन्। त्यो बनेको भए त धेरै सहज हुन्थ्यो।"

## स्थानीय तहका जनप्रतिनिधिद्वारा कटौती भएको बजेट माग

काठमाडौँ, २१ जेठ (रासस)।

स्थानीय तहका जनप्रतिनिधिले कटौती भएको वित्तीय समानीकरणको बजेट माग गर्दै अर्थ मन्त्रीको ध्यानाकर्षण गराएका छन्।

नेपाल नगरपालिका सङ्घ र गाउँपालिका राष्ट्रिय महासङ्घको टोलीले आइतबार अर्थमन्त्री वर्षमान पुनलाई भेटेर वित्तीय समानीकरणको बजेट कटौती भएको भन्दै उक्त बजेट तुरुन्त पठाउन माग गरेका हुन्।

नेपाल नगरपालिका सङ्घका अध्यक्ष भीम ढुङ्गानाले चालु आव २०८०/८१ को अन्तिम किस्ताको वित्तीय समानीकरण अनुदान सरकारले कटौती गरेपछि स्थानीय तह निकै समस्यामा परेको बताउनुभयो। उहाँले काटिएको बजेट तत्काल

*बाँकी अन्तिम पृष्ठमा*


राजविराज नगरपालिका
४ नं. वडा कार्यालय
राजविराज, सप्तरी, मधेश, प्रदेश

पत्र संख्या :०८०।८१
चलानी नम्बर :८४५

मिति:२०८१।०२।२१

**राजबिराज नगरपालिका वडा नं.४ बाट जारी गरीएको सुचना।**

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वडा नं. ३ हाल कायम वडा नं. ४ बस्ने तजमुल हसन यस वडा कार्यालयमा उपस्थित भई माँग गरे अनुसार मेरो श्रीमति उमैरा खातुन को मिति:२०७७।०९।०४ मा आफनो कालगतिले मृत्यु भई सकेको हुदा निज उमैरा खातुनको नाममा जिल्ला मोरङ. विराटनगर उप महानगर पालिका वडा नं.३ क किता नं.२५३३ क्षेत्रफल ०-०-१५ धुर जग्गा रहेको मेरो श्रीमति को शेष पछि सबैभन्दा नजिकको हक भोग खाने पति म तजमुल हुसन रहेको हुदा मेरो श्रीमति को नाममा रहेको जग्गा मेरो नाममा नामसारी को सिफारिस गरी पाउं भनी दिएको निवेदन अनुसार निवेदक तजमुल हसनलाई मालपोत कार्यालय मोरङ. को नाउंमा सिफारिस गरी दिएमा अरु कसैको हकदाबी अंश रहेको भए सो आफु संग भएको सबुत प्रमाण लिई यस राजबिराज नगरपालिका वडा नं.४ को वडा कार्यालयमा ३५ (पैतिस) दिन भित्र आई निवेदन दिनु होला अन्यथा कानुन बमोजिम हुने व्यहोरा जानकारी को लागी यो सुचना प्रकाशित गरिएको छ। म्याद नाघी उजुरी पर्न आएमा सो उजुरी लाग्नै छनै भनी यसै सुचना द्धारा जानकारी गराइन्छ।

तपसिल

| सि.नं. | जग्गाधनिको नाम | जिल्ला | न.पा.।गा.वि.स | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | उमैरा खातुन | मोरङ. | विराटनगर उप नगरपालिका जत्वा क | ३.क | २५३३ | ०-०-१५ | |

दिनेश कुमार साह कसेरा
वडा अध्यक्ष


# विश्व समाचार

## निर्वाचनमा ६४ करोड २० लाख मतदाता सहभागी : भारतीय निर्वाचन आयोग

नयाँदिल्ली, भारत, २१ जेठ (रासस/एएफपी)।

छ हप्ता लामो भारतीय निर्वाचनमा ६४ करोड २० लाख भारतीय मतदाताहरूले मतदान गरेको मुख्य निर्वाचन आयुक्त राजीव कुमारले सोमबार बताउनुभएको छ। अधिकांश निर्वाचन सर्वेक्षण नतिजाले प्रधानमन्त्री नरेन्द्र मोदीले तेस्रो कार्यकाल जित्ने अनुमान गरेका छन्।

आयुक्त कुमारले ६४ करोड २० लाख भारतीयले मतदान गरी विश्व कीर्तिमान बनाएको जिकिर गर्दै यो सबैका लागि ऐतिहासिक क्षण भएको बताउनुभयो। कुल मतदातामध्ये लगभग आधा अर्थात् ३१ करोड २० लाख महिला मतदाताको सहभागिता रहेको छ। यसले भारतका मतदाताहरूको अविश्वसनीय शक्तिलाई देखाउने उहाँले उल्लेख गर्नुभयो।

आयोगको ९६ करोड ८० हजार योग्य मतदाताको तथ्याङ्कको आधारमा, योग्य मतदाताको ६६.३ प्रतिशत मतदान भएको र योसन् २०१९ को निर्वाचनको तुलनामा थोरै कम रहेको जनाएको छ। मतदानमा केहीले एकाध स्थानमा उदासीनता, सनकीपनमाथि विश्वास गर्दै हिंसात्मक रूपमा प्रस्तुत हुन खोजेपनि निर्वाचनमो 'हिंसाको कुनै ठूलो घटना नभएको' प्रमुख निर्वाचन आयुक्तल कुमारले बताउनुभयो आगोगका अनुसार सातौँ र अन्तिम चरणको मतदान शनिबार समाप्त भयो भने मङ्गलबार मतगणनाको नतिजा आउनेछ।

अधिकांश 'एक्जिट पोल' ले मोदी विजयको बाटोमा रहेको देखाउँछ। प्रधानमन्त्री मोदीले आफ्नो सरकारलाई पुनः निर्वाचित गर्न भारतीय जनताले रेकर्ड सङ्ख्यामा मतदान गरेको कुरामा आफू विश्वस्त रहेको बताउँदै आउनुभएको छ। भारतसँग गणना प्रक्रिया बलियो भएको र इलेक्ट्रोनिक मतदान मेसिनहरू प्रयोग गरी मतपत्रको छिटो गणना गर्न अनुमति दिइएको उहाँले बताउनुभयो।

## सन् २०२४ मा विश्वका वायुसेवा कम्पनीको आम्दानीमा उच्च वृद्धि हुने

दुबई, २१ जेठ (रासस/एएफपी)।

विश्वका वायुसेवा कम्पनी (एयरलाइन्स) ले सन् २०२४ मा करिब पाँच अर्ब यात्रु बोक्ने अपेक्षा गरेको र यो सङ्ख्या कोभिड-१९ महामारी अघिको उच्च रेकर्डभन्दा पनि बढी भएको अन्तर्राष्ट्रिय हवाइ यातायात सङ्घ (आईएटीए) ले सोमबार जनाएको छ।

आईएटीएले यस वर्ष विश्वका वायुसेवा कम्पनीहरुले ३० अर्ब अमेरिकी डलर आम्दानी गर्ने अपेक्षा गरेको छ।आईएटीएका महानिर्देशक विली वाल्शले दुबईमा उक्त संस्थाको वार्षिक साधारण सभामा भन्नुभयो, "अपेक्षित लाभ 'हालको गहिरो महामारी घाटा'लाई ध्यानमा राख्दै एक ठूलो उपलब्धि हो।"

"व्यक्ति र अर्थव्यवस्थाको महत्वाकांक्षा र समृद्धिको लागि उड्डयन निःसन्देह पनि महत्त्वपूर्ण छ। एअरलाइन्सको नाफा लाई मजबुत बनाउनु र वित्तीय लचिलोपन बढाउनु महत्वपूर्ण छ," उहाँले भन्नुभयो। विश्वभरका ३०० भन्दा बढी एयरलाइन्सहरू समावेश रहेको आएटिएले वैश्विक ट्राफिकको ८३ प्रतिशतको लागि लेखाङ्कन गर्दछ। आइएटिएले संयुक्त अरब इमिरेट्सको वित्तीय हब दुबईमा संस्थाको ८० औँ वार्षिक साधारण सभा आयोजित गर्दैछ।

बलियो आँकडाको बावजुद, पार्टपुर्जाहरूको अभाव र श्रम र जलवायु परिवर्तनसँग सम्बन्धित चुनौतीहरूको कारण एयरलाइन्सहरूले लागतमा तीव्र वृद्धिको सामना गरिरहेका छन्।आइएटिएका अनुसार यो वर्ष उनीहरूको कुल खर्च पनि ९.४ प्रतिशतले बढेर ९३६ अर्ब डलर पुग्ने अनुमान गरिएको छ। एयरलाइन्स उद्योगको कूल आम्दानी यस वर्ष करिब १० प्रतिशतले बढेर ९९६ अर्ब अमेरिकी डलर पुग्ने अनुमान गरिएको आईएटीएले जनाएको छ।

## पाकिस्तानी विमान कम्पनीमा ईयूको प्रतिबन्ध कायम रहने

कराँची, २१ जेठ (रासस/एएनआई)।

युरोपेली सङ्घ (ईयू) ले पाकिस्तान इन्टरनेसनल एयरलाइन्स (पिआइए) लगायत पाकिस्तानी हवाई कम्पनीहरूमा प्रतिबन्ध कायम राख्ने निर्णय गरेको छ। हालैको बैठकपछि, ईयूले सङ्घभित्र सञ्चालन हुने प्रतिबन्धित विमान कम्पनीहरूको विद्यमान सूची संशोधन गर्न कुनै बाध्यकारी कारण फेला नपरेकोले अझै पाकिस्तानी विमान कम्पनीमाथिको प्रतिबन्ध कायम राखिएको जनाएको छ।

यो फैसला पाकिस्तान नागरिक उड्डयन प्राधिकरण (पिसिएए) को स्थल मूल्याङ्कन र पाकिस्तानी विमान कम्पनी फ्लाई जिन्ना र एयरब्लु लिमिटेडको नमूना मूल्याङ्न प्रस्तुत गर्दै ईयू एयर सेफ्टी कमिटीले गरेको विस्तृत मूल्याङ्कनपछि आएको हो। सन् २०२३ नोभेम्बर २७-३० को बिचमा आयोजित स्थलगत मूल्याङ्कनको सुरक्षा सुनिश्चित गर्न पिसिएएको निरीक्षण भूमिका र जिम्मेवारीहरूको जाँच गरिएको थियो। ईयूको हवाई सुरक्षा समितिले पाकिस्तानको सुरक्षा अवस्थाको निरन्तर निगरानीको आवश्यकतालाई जोड दिएको छ।

हाल, ईयूले पाकिस्तानी हवाई वाहकमा प्रतिबन्ध कायम राखेको छ, साथै सदस्य राष्ट्रहरूलाई अनुपालन प्रमाणित गर्न निरीक्षण गर्न आग्रह गरेको छ। आयोगले अन्तर्राष्ट्रिय सुरक्षा मापदण्डहरू कायम राख्ने सर्वोच्च महत्त्वलाई जोड दिँदै आसन्न सुरक्षा जोखिमहरूको कुनै पनि सङ्केतले थप कारबाही गर्न सक्ने चेतावनी दिएको एआरवाई न्यूजले जनाएको छ।

# श्रमाधान रोजगार मेलामा दुई हजारले दिए आवेदन

धनुषा, २१ जेठ (रासस) ।

मधेस प्रदेशमा आयोजित श्रमाधान रोजगार मेलामा दुई हजारभन्दा बढी युवाले रोजगारीका लागि आवेदन दिएका छन् । सङ्घ, प्रदेश र स्थानीय सरकारको संयुक्त आयोजनामा जनकपुरमा आयोजित दुई दिने मेलामा छ हजारभन्दा बढीले अवलोकन गरेका थिए ।

आवेदन दिएकामध्ये पहिलो चरणमा रोजगारीका लागि होटलतर्फ एक सय पाँच जना, अटोमोबाइल क्षेत्रका लागि ३५ र बैंकमा २७ र सुरक्षा गार्डका लागि ८० जना गरी जम्मा दुई सय ४७ जनालाई अन्तर्वार्ताको लागि आमन्त्रण गरिएको छ ।

मेलामा उद्योग प्रतिष्ठानका १४, होटल संस्थातर्फ ४ रोजगारसम्बन्धी तालिम प्रदायक संस्थाका ११, बैंक तथा वित्तीय संस्थाको दुई तथा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, श्रम तथा रोजगार कार्यालय जनकपुर र रोजगार सूचना केन्द्रसमेत छ गरी जम्मा ३७ वटा कक्ष राखिएको थियो ।

नेपाल उद्योग परिसङ्घ मधेस प्रदेशको संयोजनमा भएको मेलाको शनिबार श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले उद्घाटन गर्नुभएको थियो । मेलामा प्रदेश सरकार श्रम तथा यातायतमन्त्री बेची लुगेलीको पनि उपस्थिति थियो ।

मेलामा श्रमाधान संवादअन्तर्गत चार वटा प्यानलमा श्रम आप्रवासन र कानुनी प्रक्रिया र मनोसामाजिक प्रभाव, श्रम बजारमा भ्रामक सूचनाको असर, मधेसमा महिला उद्यमी सङ्घर्षबीचको अवसर र वैदेशिक रोजगार कति सहज कति असहज, अबको बाटो सामाजिक सुरक्षाको प्यानल छलफल पनि सम्पन्न भएको छ । उक्त प्यानल छलफलमा करिब दुई हजार जनाको उपस्थिति रहेको थियो ।

आन्तरिक रोजगारीलाई प्रवर्द्धन गर्ने तथा वैदेशिक रोजगारीलाई व्यवस्थित गर्ने उद्देश्यले आयोजित मेलाको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, मधेस प्रदेशको श्रम तथा यातायत मन्त्रालय र वीरगञ्ज महानगरपालिका, जनकपुर, कलैया, जीतपुर सीमरा उपमहानगरपालिका र चन्द्रपुर नगरपालिका आयोजकका रुपमा रहेका थिए ।

नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ, नेपाल चेम्बर अफ कमर्श, नेपाल तालिम तथा रोजगार व्यवसायी महासङ्घ र होटल सङ्घ नेपाल मेलाको सह आयोजकका रुपमा रहेका थिए । अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) सुरक्षित आप्रवासन सूचना तथा परामर्श केन्द्र (सामी) र वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिको पुन:एकीकरण परियोजना (रेमी) ले पनि मेलामा विशेष सहयोग गरेको थियो ।

*स्थानीय तहका ...*

पठाउन माग गरिएको बताउनुभयो ।

"बजेट काटिएपछि स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्तालाई दिनुपर्ने रकम दिन सकिएको छैन, स्थानीय तहको बजेट कटौती स्थानीय सरकारलाई कमजोर बनाउनु हो", उहाँले भन्नुभयो ।

गाउँपालिका राष्ट्रिय महासङ्घकी अध्यक्ष लक्ष्मीदेवी पाण्डेले सरकारले संविधान विपरीत वित्तीय समानीकरणको बजेट कटौती गरेको आरोप लगाउनुभयो । उहाँले चालु आर्थिक वर्षको अन्त्यमा आफूहरुलाई बजेट भुक्तानीको दबाब पर्ने भन्दै बजेट अभावमा निर्माण सम्पन्न भइसकेका आयोजनाको भुक्तानी दिन समस्या हुने स्पष्ट पार्नुभयो ।

उहाँहरुले स्थानीय तहमा अनुदान रकम नगएमा आफूहरु आन्दोलनमा जान बाध्य हुनेसमेत बताउनुभयो ।

*दश मिनेटको ...*

स्क्रीन बोर्ड, प्रचार प्रसार लगायतका समाग्री नष्ट भई २५ लाख भन्दा बढीको क्षती भएको बताए ।

यस्तै ५ मिनेटको हावाहुरीले जिल्लाको विभिन्न स्थानमा लाखौको क्षती भएको बताइएको छ । प्रहरीले क्षतीको विवरण संकलन गर्ने कार्य भईरहेकाले यकिन विवरण उपलब्ध गराउन केही समय लाग्ने जनाएको छ ।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**बलानबिहुल गाउँपालिकाको कार्यालय, सप्तरी**






**अनुरोधकर्ता**
**तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**






**अनुरोधकर्ता**
**हनुमाननगर कंकालिनी नगर कार्यपालिकाको कार्यालय, सप्तरी**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*